# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७ भक्तपुर, बैशाख २९ गते, २०८० साल संख्या २**


**भाग १**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेऱ्हौं नगर सभा २०७९ बाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०८० सालको कार्यविधि**

## भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रबर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९

प्रस्तावना:

भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने १६ बर्षदेखि ४५ बर्षसम्मका बेरोजगार एवं आर्थिक रुपले कमजोर (गरिब) तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन धितो जमानी वा धन जमानीमा सहुलियतपूर्ण ब्याज दरमा ऋण उपलब्ध गराई युवाहरुलाई स्वदेशमै व्यापार व्यवसाय गरी रोजगारी सृजना गर्न र उद्यमशीलता प्रबर्द्धन गर्न वाञ्छित भएको हुँदा भक्तपुर नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ५ बमोजिम भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रबर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ बनाई लागू गरिएको छ ।

१. संक्षिप्त नाम र परिभाषा :

१.१. संक्षिप्त नाम: यो कार्यविधिको नाम "भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रबर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९" रहनेछ ।

१.२. "ऋण" भन्नाले यस कार्यविधिको दफा २ बमोजिम दिइने युवा उद्यमशीलता प्रबर्द्धन ऋणलाई सम्झनु पर्दछ ।

१.३ "कार्यविधि" भन्नाले भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रबर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ लाई सम्झनु पर्छ ।

१.४. "वडा कार्यालय" भन्नाले भक्तपुर नगरपालिका अन्तर्गतको वडा समितिको कार्यालयलाई सम्झनु पर्दछ ।

१.५. "युवा" भन्नाले यस कार्यविधिको प्रस्तावनामा उल्लेख गरे बमोजिमका युवालाई सम्झनु पर्दछ ।

१.६. "आर्थिक प्रशासन शाखा" भन्नाले भक्तपुर नगरपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

१.७. "परिवार" भन्नाले युवाको एकाघरमा बसी एउटै भान्छा प्रयोग गर्ने १६ वर्ष भन्दा माथिको उमेर पार गरेका परिवारका सदस्यहरुलाई सम्झनु पर्दछ ।

**२. युवा उद्यमशीलता प्रबर्द्धन ऋण सम्बन्धी व्यवस्था :**

२.१. यस कार्यविधि बमोजिम उद्यमशील युवाहरुलाई ऋण उपलब्ध गराउन नगरपालिकाले वार्षिक बजेट व्यवस्था सहित युवा उद्यमशीलता ऋण कोषको स्थापना गर्नेछ ।

२.२. उक्त कोषको व्यवस्थापन र संचालन नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२.३. यस कार्यविधि बमोजिम दिइने ऋण माग गर्दा धितो जमानी वा धन जमानीमा ऋण माग गर्न सकिने छ ।

**३. युवा उद्यमशीलता प्रबर्द्धन ऋणको सीमा र शर्तहरु :**

३.१. यस कार्यविधि बमोजिम उद्यमशील युवाहरुलाई देहाय बमोजिम ऋण प्रदान गर्न सकिनेछ ।

३.१.१. सुरक्षण विना ऋण माग गरेको अवस्थामा बढीमा रु. १,००,०००।- एक लाख रुपैयाँ सम्म ।

३.१.२. ऋण मागकर्ताले दुई जनासम्म आफ्नो नातेदार धन जमानी राखी ऋण माग गरेमा बढीमा रु. ३,००,०००।- तीन लाख रुपैयाँसम्म ।

३.१.३. ऋण मागकर्ताले आफ्नो वा आफ्ना नातेदारहरुको सम्पत्ति धितो जमानी राखी ऋण माग गरेमा बढीमा रु. ५,००,०००।- पाँच लाख रुपैयाँसम्म ।

३.२. यस कार्यविधि बमोजिम लिइएको ऋणको चुक्ता अवधि ऋण लिएको मितिले ५ वर्षको हुनेछ ।

३.३. ऋणको वार्षिक ब्याजदर ६ प्रतिशतका दरले लिइनेछ ।

३.४. यस कार्यविधि बमोजिम उपलब्ध गराइने ऋण कुनै एक परिवारको एक जना सदस्यलाई मात्र उपलब्ध गराउन सकिने छ ।

३.५. स्वीकृति ऋण रकम एक मुष्ट वा किस्तामा उपलब्ध गराइनेछ । उपलब्ध गराइएको ऋण निवेदकले व्यवसायको क्रममा दुरुपयोग गरेको खण्डमा वा अन्य कार्यमा प्रयोग गरिएको खण्डमा बाँकी ऋण वा उपलब्ध गराउनु पर्ने ऋण रोक्का राखी दफा ५ बमोजिम कार्वाही गरिनेछ ।

३.६. यस कार्यविधि बमोजिम दिइने ऋण प्रत्येक आ.व. मा प्रति वडा बढीमा दश जनासम्मलाई उपलब्ध गराइने छ ।

३.७. यस कार्यविधि बमोजिम लिइएको ऋणमा ऋण लिएको मितिदेखि ब्याज गणना गरिनेछ र किस्ताबन्दी ऋण चुक्ता गर्दा घटे, घटाएको साँवा पछि बाँकी साँवाको मात्र ब्याज लाग्नेछ ।

३.८. यस कार्यविधि बमोजिम युवा उद्यमशीलता प्रबर्द्धन ऋण लिन चाहने युवाले आफ्नो व्यावसायिक कार्य योजनामा उल्लेखित व्यवसाय यस न.पा.का. सम्बन्धित वडामा दर्ता गर्नुपर्नेछ । यस न.पा. क्षेत्र भन्दा बाहिर गरिने व्यवसायका लागि यस कार्यविधि बमोजिम ऋण उपलब्ध गराइने छैन ।

## ४. ऋण माग गर्न आवश्यक प्रक्रियाहरु :

४.१. ऋण माग गर्ने युवाले अनुसुची १ बमोजिमको निवेदन र निवेदनमा उल्लेखित प्रक्रिया सहित वडा समितिमा पेश गरी सिफारिस लिनुपर्नेछ ।

४.२ उपदफा ४.१. बमोजिम निवेदन पेश गर्दा अनुसूची २ बमोजिमको व्यावसायिक कार्य योजना पेश गर्नु पर्नेछ ।

४.३. माथि दफा ४.१. र ४.२. बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित वडा समितिले जाँचबुझ गरि ऋणका लागि नगरपालिका समक्ष सिफारिस गर्नेछ ।

४.४. माथि ४.३. बमोजिमको सिफारिस भई आएपछि सो सिफारिस समेत संलग्न गरी अनुसूची ३ बमोजिम नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

४.५. माथि ४.४. बमोजिम निवेदनमा आवश्यक कार्यवाही र जाँचबुझ भ.न.पा. आर्थिक प्रशासन शाखाबाट गरी प्रमुख समक्ष निर्णयार्थ पेश गर्नेछ ।

४.६. माथि ४.५. बमोजिम पेश भएपछि प्रमुखले ऋण स्वीकृत गर्न सक्नेछ ।

४.७. प्रमुखबाट ऋण स्वीकृत भएपछि भक्तपुर नगरपालिका आर्थिक प्रशासन शाखाबाट ऋण रकम उपलब्ध गराइनेछ ।

**५. ऋणको साँवा ब्याज असुली :** यस कार्यविधि बमोजिम ऋण लिएका युवाहरुले आफूले लिएको ऋण रकम देहाय बमोजिम भक्तपुर नगरपालिकालाई चुक्ता गर्नुपर्नेछ ।

५.१. ऋण लिएको मितिले दुई बर्ष नाघेको भोलिपल्ट कूल ऋण रकमको २५ प्रतिशत साँवा र सो दिनसम्मको ब्याज ।

५.२. ऋण लिएको मितिले तीन वर्ष नाघेको भोलिपल्ट कूल ऋण रकमको २५ प्रतिशत साँवा र सो दिनसम्म बाँकी साँवाको ब्याज ।

५.३. ऋण लिएको मितिले चार वर्ष नाघेको भोलिपल्ट कूल ऋण रकमको २५ प्रतिशत साँवा र सो दिनसम्म बाँकी साँवाको ब्याज ।

५.४. ऋण लिएको मितिले पाँच वर्ष नाघेको भोलिपल्ट कूल ऋण रकमको २५ प्रतिशत साँवा र सो दिनसम्म बाँकी साँवाको ब्याज ।

५.५ उपरोक्त समयावधि भित्र ऋणको साँवा ब्याज नतिरेमा तिर्न बुझाउनु पर्ने साँवा ब्याजको ५ प्रतिशत हर्जना गरी र निजको ऋणमा जमानी बसेका एकापरिवारका सदस्य वा नातेदारलाई नगरपालिकाबाट प्रदान गरिने सेवाहरु बंन्चित गर्न सकिनेछ र निजहरुबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. यो कार्यविधि तुरुन्त लागू हुनेछ र यस कार्यविधि बमोजिम भए गरेका कार्यमा विवाद भएमा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

७. ऋण असुली सम्बन्धी यस कार्यविधिमा उल्लेखित व्यहोरा यसै कार्यविधि बमोजिम गरिनेछ र ऋण असुली सम्बन्धमा प्रचलित अन्य नेपाल कानूनहरु समेतमा उल्लेखित प्रावधान अनुसार ऋणीहरुलाई कार्यवाही गर्न यस कार्यविधिले बाधा गरेको मानिने छैन ।

अनुसुची १

"भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रबर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ बुंदा नं. ४.१. संग सम्बन्धित

## ऋण लिन वडा कार्यालयमा पेश गर्ने निवेदन

मिति :..................

श्रीमान् वडा अध्यक्ष ज्यू,
भक्तपुर न.पा. ... नं. वडा कार्यालय,
भक्तपुर ।

विषय : ऋण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदक भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. .... बस्ने श्री ................... को छोरा/छोरी/श्रीमती ................... हाल ...................... व्यवसाय शुरु गर्न लागेको हुँदा मलाई हाललाई रु ............... अक्षेरेपी रु ......................................... ऋण दिने सम्बन्धमा बनेको कार्यविधि, २०७५ को दफा ४.१. अनुसार वडा कार्यालयको सिफारिसको लागि यो निवेदन पेश गरेको छु ।

**आवश्यक कागजातहरु :**

क. नागरिकताको प्रतिलिपि,
ख. सक्कल शैक्षिक प्रमाण पत्र/लब्धाङ्क पत्र/चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,
ग. परिवारका सदस्यहरुमध्ये कम्तीमा दुई जनाको सहमती पत्र वा ऋण मागकर्ताको नजिकका नातेदारको जमानीको कागजमा वडा कार्यालयमा उपस्थित भई सनाखत गरेको,
घ. धितो जमानी ऋणको हकमा धितो जमानी राखिने सम्पत्तिको प्रमाणपत्र र मन्जुरीकर्ताको मन्जुरीनामा कागजमा वडा कार्यालयमा उपस्थित भई सनाखत गरेको हुनुपर्ने,
ङ. परिवारका सदस्य, धन जमानीकर्ता, मन्जुरीकर्ताको नागरिकताको प्रतिलिपि,
च. वडामा दर्ता गरेको व्यवसायको प्रमाण पत्र ।

निवेदक
नाम :
ठेगाना :
हस्ताक्षर :
सम्पर्क नं. :

अनुसुची २

"भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रबर्द्धन ऋण परिचालन सम्बन्धमा
बनेको कार्यविधि, २०७९ बुंदा नं. ४.२. संग सम्बन्धित

## युवा उद्यमशीलता प्रबर्द्धन ऋण सुविधा उपयोग गरी व्यवसाय गर्न पेश गरेको कार्य योजना

क. गर्न लागेको व्यवसायको नाम :

ख. व्यवसाय गर्ने क्षेत्र :

ग. व्यवसायको किसिम : कृषि/व्यापार/उद्योग/उत्पादनशील क्षेत्र वा अन्य :

घ. व्यवसायमा लाग्ने कूल पूँजी :

अ) नगरपालिकाबाट प्राप्त गरिने ऋण रकम :

आ) युवाको तर्फबाट लगानी हुने रकम :

ङ. लाग्ने जनशक्ति संख्या :

च. रोजगारी सृजना हुने भएको सोको संख्या :

छ. वार्षिक अनुमानित उत्पादन :

ज. वार्षिक अनुमानित व्यावार/कारोवार :

झ. अन्य महत्वपूर्ण कार्य योजना भए सो समेत खुलाउने :

अनुसुची ३

“भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रबर्द्धन ऋण परिचालन सम्बन्धमा
बनेको कार्यविधि, २०७९ बुंदा नं. ४.४. संग सम्बन्धित

## ऋण लिन भक्तपुर नगरपालिकामा पेश गर्ने निवेदन

श्रीमान् प्रमुखज्यू, मिति :...............
भक्तपुर नगरपालिकाको कार्यालय
भक्तपुर नगरपालिका ।

विषय : ऋण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदक भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ....... बस्ने श्री .......................... को छोरा/छोरी/श्रीमती .................... हाल ........................ व्यवसाय शुरु गर्न लागेको हुँदा मलाई हाललाई रु ....................... अक्षेरेपी रु ................................ ऋण दिने सम्बन्धमा बनेको कार्यविधि, २०७५ को दफा ४.१. अनुसार वडा कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

**आवश्यक कागजातहरु :**

क. निवेदकको नागरिकताको प्रतिलिपि,
ख. निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र/लब्धाङ्क पत्र/चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,
ग. परिवारका सदस्यहरुमध्ये कम्तीमा दुई जनाको सहमती पत्र वा ऋण मागकर्ताको नजिकका नातेदारको जमानीको कागजमा वडा कार्यालयमा उपस्थित भई सनाखत गरेको हुनुपर्ने,
घ. धितो जमानी ऋणको हकमा धितो जमानी राखिने सम्पत्तिको प्रमाणपत्र र मन्जुरीकर्ताको मन्जुरीनामा कागजमा वडा कार्यालयमा उपस्थित भई सनाखत गरेको हुनुपर्ने,
ङ. परिवारका सदस्य, धन जमानीकर्ता, मन्जुरीकर्ताको नागरिकताको प्रतिलिपि,

च. वडामा दर्ता गरेको व्यवसायको प्रमाण पत्र,

छ. ऋण सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

निवेदक<br>
नाम :<br>
ठेगाना :<br>
हस्ताक्षर :<br>
सम्पर्क नं. :

**आज्ञाले**<br>
**(राम गोविन्द श्रेष्ठ)**<br>
**नि.प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७९।११।०९ गते**

---

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**